BOULDER VALLEY
SCHOOL DISTRICT

# बोल्डर भ्याली स्कूल डिस्ट्रिक्ट सम्बन्धमा -२ निर्णय संख्या २४-३६
# विद्यार्थी र परिवारलाई सहयोग गर्ने

जबकि, बोल्डर भ्याली स्कुल डिस्ट्रिक्टको ध्येय सबै बच्चाहरू फस्टाएर सफल, नागरिक रूपमा संलग्न जीवनका लागि तयार हुन सकून् भनी चुनौतीपूर्ण, अर्थपूर्ण र आकर्षक सिकाइका अवसरहरू सिर्जना गर्नु हो;

जबकि, सिक्न र फस्टाउनको लागि, बच्चाहरूलाई यो थाहा हुनुपर्दछ कि स्कूल डिस्ट्रिक्टले बच्चाहरूकोअशक्तता, जाति, सम्प्रदाय, रङ, लिङ्ग, यौनिक झुकाव, लैङ्गिक पहिचान वा अभिव्यक्ति, मूल राष्ट्रियता, अध्यागमन/नागरिकताको स्थिति, धर्म, पूर्खा, पारिवारिक संरचनाहरू, वा शारीरिक विशेषताहरूकोपर्वाह नगरी उनीहरूको सुरक्षा र भावनात्मक कल्याणलाई सहयोग गर्नेछ।

जबकि, विद्यार्थीहरू आफू को हुँ भनेर सुरक्षित र सम्मानित महसुस गर्न योग्य छन्;

जबकि, बोल्डर भ्याली स्कुल डिस्ट्रिक्ट बोर्ड अफ एजुकेशन स्कूल डिस्ट्रिक्टको रणनीतिक योजनाको खोजीमा समतामूलक नीतिहरू अपनाएर र पारदर्शी रूपमा तथ्याङ्कहरूको समीक्षा गरेर सबै विद्यार्थीहरूको लागि सुरक्षित विद्यालयहरू सिर्जना गर्न खोज्ने स्कूल डिस्ट्रिक्टहरूको लागि एक राष्ट्रिय नमूना बनेको छ;

जबकि, कोलोराडो सार्वजनिक विद्यालय पाठ्यक्रम र शैक्षिक मापदण्डहरूमा जातीय एवम् जनजातीय समूहहरू र पारलैङ्गिक व्यक्तिहरूका इतिहास, संस्कृति र सामाजिक योगदानहरू समावेश भएको सुनिश्चित गर्न एचबि-१९ -११९२ स्वीकृत गर्ने समेतका विषयमा राष्ट्रिय नेतृत्वकर्ता पनि हो;

जबकि, अमेरिकी सर्वोच्च अदालतको १९८२ को निर्णय, प्लाइलर वि. डो, संघीय कानूनले बच्चाको जस्तोसुकै आप्रवासन अवस्था भएपनि उनीहरू विद्यालयमा भर्ना हुन पाउनु सबै बच्चाहरूको अधिकार भएको कुरालाई मान्यता दिएको हुँदा;

जबकि, संघीय मार्गदर्शनले "विद्यालयहरू सुरक्षित स्थानहरू हुन् जहाँ संघीय आप्रवासन अधिकारीहरूले आप्रवासन छानबीन गतिविधिहरू सञ्चालन गर्नु हुँदैन भन्ने मान्दछ।" यसबाहेक, सो निर्देशनले स्पष्ट रूपमा संघीय निकायको यो विश्वास प्रकट गर्दछ कि,

> हामी आवश्यक चिकित्सा हेरचाहमा व्यक्तिहरूको पहुँच, उनीहरूका विद्यालयहरूमा बच्चाहरूको पहुँच, खाना र आश्रयमा विस्थापितहरूको पहुँच, आस्थाका मानिसहरूको आराधना स्थलहरूमा पहुँच, आदिलाई इन्कार नगरी वा सीमित नगरी हाम्रो कार्यान्वयनको ध्येय पूरा गर्न सक्छौं। यस सिद्धान्तको पालना गर्नु भनेको सार्वजनिक सेवकको रूपमा हाम्रो गरिमाको एउटा आधार हो।[1];

[1] अमेरिकी होमल्याण्ड सुरक्षा विभाग(२०२१). संरक्षित क्षेत्रहरूमा लागू हुने कार्यहरू सम्बन्धी निर्देशिका।

जबकि, स्कूल डिस्ट्रिक्टले हाम्रा विद्यार्थीहरूलाई उनीहरूको शैक्षिक सफलता सहित उनीहरूको भलाइको लागि उनीहरूका आमाबाबु, अभिभावकहरू, र अन्य वयस्कहरू उनीहरूको जीवनमा चाहिन्छ भनेर मान्दै, यसको रणनीतिक योजना सहित, परिवार र सामुदायिक साझेदारीलाई महत्त्व र प्राथमिकता दिन्छ; र,

जबकि, संघीय स्तरमा हुने सम्भावित कारवाहीहरूको बारेमा गरिएका बयानले गर्दा स्कूल डिस्ट्रिक्टका केही परिवारहरू, विद्यार्थीहरू र कर्मचारीहरूलाई असुरक्षित महसुस गराएको छ;

जबकि, बोर्ड हाम्रो समुदायका विभिन्न किसिमका व्यक्तिहरू र परिवारहरूलाई टेवा दिने र प्रतिनिधित्व गर्ने नीतिहरू र अभ्यासहरूप्रति प्रतिबद्ध छ र विद्यार्थीहरूलाई कोलोराडोको संविधान तथा कोलोराडो र संघीय दुवै कानुनद्वारा प्रत्याभूत गरिए बमोजिम नै आफ्नो शिक्षा प्राप्त गर्न सक्ने आश्वासन दिन्छ।

अब, त्यसैले, यो संकल्प गरिन्छकि स्कूल डिस्ट्रिक्टले हाम्रा विद्यार्थीहरू र परिवारहरूको सुरक्षा गर्न निम्नानुसारसमेतका जस्तोसुकै कानुनले दिएको अधिकारबमोजिमका सबै कामकारवाही कुरा गर्नेछ, चाहे आप्रवासनको अवस्था जस्तोसुकै होस्:

- स्कूल डिस्ट्रिक्टले हाम्रा विद्यार्थीहरू वा उनीहरूका परिवारहरू वा अभिभावकहरूको अध्यागमन स्थितिबारे कुनै पनि जानकारी सङ्कलन नगर्ने आफ्नो अभ्यास जारी राख्नेछ।
- स्कूल डिस्ट्रिक्टले आपतकालीन सम्पर्कहरू अद्यावधिक राख्न परिवारहरूलाई मद्दत गर्नेछ र उनीहरूलाई आवश्यक परेको महसूस भएमाा परिवारहरूलाई आपतकालीन योजनाहरू बनाउन सहयोग पुर्याउनेछ अनि उनीहरू तथा उनीहरूका परिवारहरूलाई जोखिममा परेको महसुस हुन सक्ने विद्यार्थीहरूलाई सहयोग गर्नेछ।
- स्कूलहरूले संघीय आप्रवासन अधिकारीहरूको कुनै पनि अनुरोध स्कूल डिस्ट्रिक्टको कानुनी सल्लाहकारको कार्यालयमा पठाउनुपर्नेछ:
    - कुनै पनि स्कूल डिस्ट्रिक्ट स्कूल वा अन्य स्कूल डिस्ट्रिक्ट सम्पत्तिमा प्रवेश गर्नका लागि
    - कुनै पनि स्कूल गतिविधिमा वा स्कूल डिस्ट्रिक्ट यातायात प्रयोग गर्दा त्यो विद्यार्थी स्कूल डिस्ट्रिक्टको निगरानीमा रहेको बेला कुनै पनि विद्यार्थीसँग कुराकानी गर्न
    - हाम्रा विद्यार्थीहरू वा परिवारहरूको बारेमा कुनै पनि जानकारीको लागि

यो थप संकल्प गरिन्छ कि स्कूल डिस्ट्रिक्टले हाम्रा पारलैङ्गिक विद्यार्थीहरू र समुदायका सदस्यहरूको सुरक्षा गर्न आफ्नो कानुनी अधिकार बमोजिमका सबै उपाय गर्नेछ, जसमा अधिकार नं. ९ तथा अन्य सम्बन्धित संघीय र राज्य कानुनहरू एवम् बोर्ड नीतिहरूको कार्यान्वयनका साथसाथै भेदभाव, उत्पीडन एवम् धम्कीबाट मुक्त स्कूलहरू सिर्जना गर्ने निरन्तर प्रतिबद्धता पनि समावेश छ।

यो थप संकल्प गरिएकोछ कि स्कूल डिस्ट्रिक्टले यहूदीविरोधी भाषण र धार्मिक उत्पीडनका अन्य प्रकारहरू लगायत घृणास्पद भाषणलाई सहन गर्ने छैन।

यो थप संकल्प गरिएकोछ कि शिक्षा बोर्डले धम्की, भेदभाव, र उत्पीडनलाई निषेध गर्ने आफ्नो नीतिहरूको माध्यमबाट समतामूलक स्कूलको अवस्था सिर्जना गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्याउँदछ। हाम्रा सबै विद्यालयका प्राचार्यहरू, शिक्षकहरू, विद्यार्थीहरू तथा अभिभावकहरूलाई स्कूल डिस्ट्रिक्टको वेबसाइट मार्फत तुरुन्तै यस्तो व्यवहारको बारेमा जाहेरी गर्न प्रोत्साहित गरिन्छ र त्यस्ता सबै जाहेरीहरूको निष्पक्ष र समयमै छानबिन हुने अपेक्षा गरिएको छ।
www.bvsd.org/parents-students/be-ready/make-a-report

यो थप संकल्प गरिएकोछ कि यी संकल्पलाई कार्यान्वयन गर्न आवश्यक नीतिहरू र विधिहरूमा कुनै पनि सुधार गर्नुपरेमा सुपरीवेक्षक र कर्मचारीहरूले पहिचान गरी बोर्डमा पठाउनेछन्।

यो थप संकल्पगरिएको छ कि स्कूल डिस्ट्रिक्टले यो संकल्प प्रत्येक विद्यालयको प्राङ्गणमा प्रदर्शन गर्नेछन् र स्कूल डिस्ट्रिक्टका सबैजसो मुख्य रूपमा प्रयोग हुने भाषाहरूमा स्कूल डिस्ट्रिक्टका कर्मचारीहरू र अभिभावकहरूलाई वितरण गर्नेछन् अनि यस संकल्पका प्रतिबद्धताहरूलाई व्यापक रूपमा सूचित गर्नेछन्।

अतः, **BVSD** शिक्षा बोर्डले यो प्रस्ताव २०२४ डिसेम्बर १० मा स्वीकृत गर्ने निर्णय गरेको छ।